**जातिय अल्पसंख्यकहरुको समानताको प्रवद्र्धनका लागि**
**विद्यमान तथा योजनाबद्ध उपायहरु**

**व्यावसायिक तालिम**

सीपमुलक शिक्षा आर्जन गर्न इच्छुक तथा भर्नाका लागि आवश्यक योग्यता पूरा गर्ने व्यक्तिहरुलाई जातिय वा उत्पत्तिको आधारमा कुनै पनि भेदभाव नगर व्यावसायिक तालिम परिषद् (भिटिसी), कर्मचारी पुनप्र्रशिक्षण बोर्ड (इआरबी) र निर्माण उद्योग परिषद् (सिआइसी)मार्फत व्यावसायिक शिक्षासम्बन्धी विभिन्न कार्यक्रम तथा सुविधाहरु उपलब्ध हुँदै आएका छन् ।

विशेषगरी, चीनी भाषा बोल्न नसक्ने व्यक्तिहरुका लागि धेरै कार्यक्रम तथा पाठ्यक्रम अङ्ग्रेजी भाषाम सञ्चालन गरिन्छन् । केन्टोनिज जस्ता विशेष कार्यक्रमहरु पनि उनीहरुको आवश्यकतालाई सम्बोधन गर्ने हेतुले विशेष किसिमले विकास गरिएका छन् ।

## A. व्यावसायिक तालिम परिषद्

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • व्यावसायिक तालिम परिषद्ले विभिन्न प्रकृतिका व्यावसायिक तथा सीपमुलक शैक्षिक तथा तालिम कार्यक्रमहरु प्रदान गर्दछ । व्यावसायिक शिक्षा तथा तालिम सेवाहरु सबै जातिका व्यक्तिहरुका लागि पहुँचयोग्य होस् भन्ने सुनिश्चिता गर्न, जातिय अल्पसंख्यकहरुको आवश्यकता परिपूर्ति गर्नका लागि विशेष ध्यान दिइएको छ । |
| विद्यमान उपायहरु | • <u>गैर-चीनी भाषी विद्यार्थी विशेषहरुका लागि उपयुक्त</u> |

सीपमुलक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमहरु

- व्यावसायिक तालिम परिषद्ले गैर-चीनी भाषी युवा तथा वयस्कहरुका विभिन्न प्रकृतिका तालिम आवश्यकताहरुलाई पूरा गर्न उपयुक्त कार्यक्रमहरु उपलब्ध गराउछ । यी कार्यक्रमहरुमा वाणिज्यशास्त्र, डिजाइन तथा आतिथ्यता (हस्पिटालिटी) मा डिप्लोमा, उच्च माध्यमिक विद्यार्थीहरुका लागि प्रयोगात्मक (एप्लाइड) शिक्षण कार्यक्रम, असंलग्न युवाहरुका लागि व्यावसायिक विकास कार्यक्रम, तथा व्यावसायिक चीनी तथा व्यावसायिक सीपहरुमा छोटो अवधिका कार्यक्रमहरु समावेश छन् ।

वैकल्पिक चीनि भाषाको योग्यताको अनुमोदन

- माध्यमिक शिक्षाको हङकङक डिप्लोमा (एचकेडीएसइ)को चीनी शिक्षाको निश्चित मापदण्ड आवश्यक पर्ने कार्यक्रममा वैकल्पिक चीनी भाषा योग्यता वा माध्यमिक शिक्षाको हङकङक डिप्लोमा एप्लाइड लर्निङ चाइनिजलाई मानिनेछ ।

सहयोग सेवाहरु

- रोजगारी पूर्वका गैर-चीनी भाषी विद्यार्थीहरुकालाई उनीहरुको पढाइ तथा क्यापस जीवनलाई अझ राम्रो बनाउन सहयोग गर्न विभिन्न सहयोग कार्यक्रमहरु उपलब्ध गराइन्छ । यी सेवाहरुमा शैक्षिक तथा शिक्षण सहयोग, स्थानीय विद्यार्थी तथा समुदायसँगको समायोजन बल दिने कार्यक्रमहरु, अभिव्यक्ति तथा पेशागत जीवनको विकासका लागि परामर्श तथा सर-सल्लाह पर्दछन् ।

| | | |
|---|---|---|
| भविष्यको कामको लेखाजोखा | • | व्यावसायिक तालिम परिषद्ले समानताको नीतिलाई कायम राख्ने तथा प्रवद्र्धन गर्ने कामलाई निरन्तरता दिनेछ र परिषद्ले प्रदान गर्ने कार्यक्रमहरुको सान्दर्भिकताको सुनिश्चितता गर्न जातिय अल्पसंख्यक समूहहरुलाई सेवा पु¥याइरहेका गैर-सरकारी संस्था तथा माध्यमिक विद्यालयहरुसँग नजिक भएर काम गर्नेछ । |
| उठाइएका/उठाइनु पर्ने थप कदमहरु | • | आफ्नो शिक्षण तथा कार्यस्थलमा जातिय समानतालाई प्रवद्र्धन गर्न, व्यावसायिक तालिम परिषद्ले आफ्ना कार्य सञ्चालन इकाइहरुका लागि सन्दर्भ निर्देशिका तयार पारेको छ । |
| | • | कर्मचारी तथा विद्यार्थीहरुको जातिय समानता प्रतिको संवेदनशीलता बढाउनका लागि उनीहरुका लागि तालिम तथा अनुभव आदानप्रदान गर्ने सत्रहरुको आयोजनालाई निरन्तरत दिइनेछ । |
| | • | स्थानीय तथा गैर-चीनी भाषी विद्यार्थीहरुबीचको समायोजनको सहजीकरण गर्न तथा समावेशीताको संस्कृतिलाई प्रवद्र्धन गर्नका लागि व्यावसायिक तालिम परिषद्ले गतिविधिहरुको आयोजनालाई निरन्तरता दिनेछ । |
| | • | व्यावसायिक प्रशिक्षण परिषद माथिका उपायहरुको कार्यान्वयनलाई अनुगमन गर्ने कार्य जारी राख्नेछ । |
| सार्वजनिक सोधपुछ | • | माथिका उपायहरु उपरको सोधपुछका लागि व्यावसायिक तालिम परिषद् को उच्च कार्यालय÷मुख्यालय (शैक्षिक सेवामा) 2836 1766 मा सम्पर्क गर्न सकिनेछ । |

## B. कर्मचारी पुनप्र्रशिक्षण बोर्ड

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • कर्मचारी पुनप्र्रशिक्षण बोर्डले (ERB) सब-डिग्री वा सो भन्दा तलको शैक्षिक योग्यता भएका श्रम शक्तिको सीप, गुणस्तर, रोजगारमा लाग्न सक्ने क्षमता तथा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गराउन तालिम तथा सेवाहरु उपलब्ध गराउँदछ । रोगजारी व्यवस्था गरिएको, पूर्णकालीन पाठ्यक्रमहरु रोजगारीमुलक हुन्छन् र उपयुक्त सीपमुलक तालिम तथा रोजगारीको व्यवस्थाका लागि गरिने तालिम पश्चातको कार्यमार्फत बेरोजगारलाई रोजगार हुन सहयोग गर्ने हेतुले सञ्चालन गरिन्छन् । अल्पकालीन “सीप अभिवृद्धि स्किम प्लस”कार्यक्रमले श्रम शक्तिलाई उनीहरुको सीपलाई स्तरोन्नति तथा अद्यावधिक गर्न सक्षम बनाउछ । अन्य सामान्य अल्पकालीन सीपमुलक तालिम कार्यक्रमहरुमा कार्यस्थलको भाषा, अङ्कविद्या एवम् सूचना प्रविधि जस्ता विषयवस्तु समावेश हुन्छन् जुन श्रम शक्तिको समग्र गुणस्तरलाई सुधार्न लक्षित हुन्छन् ।<br><br>• जातिय अल्पसंख्यकहरुको रोजगार क्षमतमा अभिवृद्धि गर्ने र स्थानीय समदायमा उनीहरुको एकीकरणलाई सहजीकरण गर्ने दृष्टिकोणसहित, कर्मचारी पुनप्र्रशिक्षण बोर्डले सन् 2007 को मध्यदेखि पूर्ण रुपमा लक्षित तालिम कार्यक्रमहरु अङ्ग्रेजी भाषामा सञ्चालन गर्दै आएको छ, विशेषगरी जातिय अल्पसंख्यकहरुको आकांक्षा तथा तालिमका आवश्यकता पूरा गर्नका लागि । उनीहरुको तालिम तथा रोजगारीका अवसरको खोजीलाई सहजीकरण गर्नका लागि विशेष उपाय तथा सेवाहरु प्रदान गरिन्छ । |

| | |
|---|---|
| विद्‌यमान उपायहरु | <u>जातिय अल्पसंख्यकहरुका लागि पूर्णरुपमा लक्षित कार्यक्रमहरु</u> |

- जातिय अल्पसंख्यकहरुलाई पूर्ण रुपमा लक्षित गर्दै सन् 2019-20 [1] , कर्मचारी पुनप्रशिक्षण बोर्डले रोजगारीको प्रत्याभूति गरिएको 13 र 31 वटा “सीप अभिवृद्‌धि स्किम प्लस” र सामान्य सीपमुलक तालिम कार्यक्रमहरु अङ्ग्रेजी भाषामा सञ्चालन गऱ्यो जसमा 800 सिटहरु उनीहरुका लागि आरक्षित थिए ।

- हालै, ERB ले अल्पसंख्यक जातिहरूका लागि समर्पित 15 वटा भाषाका कोर्सहरू प्रदान गर्दछ कार्यस्थल क्यान्टोनिज), कार्यस्थल पुतोनगुवा, कार्यस्थल चिनियाँ र (पढ्ने र लेख्ने) अंग्रेजी सहित (। 2015-16 मा, ERB ले यसको भाषा तालिमको पाठ्यक्रमहरूको समीक्षाका लागि अल्पसंख्यक जातीहरुलाई सञ्चारमा रहने बाधा हटाउने र भाषा कोर्सहरूको व्यावहारिकता र अभिवृद्‌धि गरी उनीहरूको रोजगार क्षमतालाई अभिवृद्‌धि गर्ने उद्‌देश्यसहित, र तिनीहरूको लागि प्रगतिको बाटोहरु बनाउने "भाषाका कोर्सहरु समिक्षा गर्नको लागि टास्क फोर्सस्थापना गऱ्यो " । 2019-20 मा शुरू हुनेगरि, योग्यता खाँका (QF) तह २ मा अल्पसंख्यक जातिहरूका दुई नयाँ समर्पित चिनियाँ भाषा सिक्नेहरूका लागि प्रस्ताव गरिएको छ, जसले चिनियाँ भाषामा आफ्नो दक्षता बढाउन चाहन्छन् । ERB ले अल्पसंख्यक जातिको चिनियाँ भाषा प्रशिक्षणप्रति आफ्नो सहायतालाई निरन्तरता दिनेछ र अल्पसंख्यक जातिहरूलाई सामाजिक एकीकरण र रोजगारीका लागि आफ्नो चिनियाँ दक्षता अभिवृद्‌धि गर्न मद्‌दत गर्न संरचित चिनियाँ भाषा प्रशिक्षण योजना राख्नेछ ।

[1] जून 30, 2019 मा भएजस्तै ।

- कर्मचारी पुनप्र्रशिक्षण बोर्डले युवा तालिम कार्यक्रम अन्तर्गत 15 देखि 24 वर्षका जातिय अल्पसंख्यकका असंलग्न युवाहरुलाई लक्षित गर्दै तालिम कार्यक्रमहरु उपलब्ध गराउछ । सन् 2019-20मा, यी युवा प्रशिक्षार्थीहरुलाई यो कार्यक्रमले कूल ४ विषयमा सीपमुलक तालिम प्रदान गर्‍यो ।

- ERB ले अल्पसंख्यक जातिको प्रशिक्षण र रोजगारीको आवश्यकतालाई पहिचान गर्न र अल्पसंख्यक जातिहरूलाई ERB कोर्स र सेवा प्रवर्द्धन गर्ने रणनीतिहरुमा सल्लाह दिन एउटा अल्पसंख्यक " जातिहरुको प्रशिक्षण आवश्यकता केन्द्रीय समूहगठन गरेको छ " । केन्द्रीय समूहमा अल्पसंख्यक जातिका समूह, सामाजिक सेवा संगठनहरु, प्रशिक्षण निकाय (TBs), रोजगारदाताहरू र सान्दर्भिक सरकारी निकायहरू हुन्छन् । ERB ले केन्द्रीय समूहको सल्लाहका आधारमा अल्पसंख्यक जातिहरूका लागि नयाँ पाठ्यक्रमहरू विकास गर्न जारी राख्नेछ ।

<u>विशेष उपया तथा सहयोग सेवाहरु</u>

- कर्मचारी पुनप्र्रशिक्षण बोर्डले तालिम प्रदायकहरुलाई जातिय अल्पसंख्यकहरुलाई सेवा प्रदान गर्ने क्रममा अङ्ग्रेजी बोल्न सक्ने कर्मचारीको व्यवस्थापन गर्न र कर्मचारी पुनप्र्रशिक्षण बोर्डको सेवाहरु प्रदान गर्दा सरकारी भाषानुवादको प्रयोग गर्न प्रोत्साहन गर्दछ ।

- कर्मचारी पुनप्र्रशिक्षण बोर्डले जातिय अल्पसंख्यकलाई लक्षित तालिम कार्यक्रमहरुको कक्षाको आकारको आवश्यकता निर्धारण गर्दा लचकता अपनाउने गरेको छ ।

- शिक्षणको प्रभावकारीता अभिवृद्धि गर्नका लागी आवश्यकताअनुसार जातिय अल्पसंख्यकको भाषा तथा अङ्ग्रेजी भाषा बोल्न सक्ने प्रशिक्षण साहायकहरु मार्फत कक्षामा भाषानुवादको व्यवस्था ।

- रोजगारीको प्रत्याभूति भएका कार्यक्रमहरु सम्पन्न गरेका अन्य प्रशिक्षार्थीहरुलाई तीन महिनाको फलोअप अवधि सञ्चालन गरिदा जातिय अल्पसंख्यकहरुका लागि ६ महिने फलोअप सेवाहरु प्रदान गरिन्छ ।

- जातिय अल्पसंख्यकहरुको आवश्यकतलाई पूरा गर्न नयाँ कार्यक्रमहरुको विकास गर्न तालिम प्रदायकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले, कर्मचारी पुनप्र्रशिक्षण बोर्डले आफ्नो विद्यमान पाठ्यक्रम विकास उत्प्रेरणा (इन्सेन्टिभ) स्किमको पकडलाई जातिय अल्पसंख्यकका लागि लक्षित पाठ्यक्रमहरु समावेश गर्नका लागि विस्तार गरेको छ ।

- उपलब्ध तालिमका अवसरहरुको बारेमा जातिय अल्पसंख्कहरुमा जनचेतना अभिवृद्धि गर्न, कर्मचारी पुनप्र्रशिक्षण बोर्डले अङ्ग्रेजी तथा जातिय अल्पसंख्यकका ६ भााषाहरु (हिन्दी, उर्दू, नेपाली, बहासा, इन्डोनेसियाली, टागलग, थाई र पंजाबी सहित ) मा प्रचारात्मक लिफलेटहरुको विभिन्न माध्यमबाट जातिय अल्पसंख्यकहरुलाई वितरण गर्न प्रकाशन गरेको छ । यी पाठ्यक्रमका जानकारी पुस्तिकाहरु अङ्ग्रेजी भाषामा तयार पारिएका हुन र जातिय अल्पसंख्यकहरुमाझ कार्यक्रमहरुलाई प्रवद्र्धन गर्नका लागि अङ्ग्रेजी, उर्दू र नेपाली भाषामा विभिन्न पत्रपत्रिकामा विज्ञापनहरु जरी गरिएको छ ।

- ERB ले अल्पसङ्ख्यक जातिहरूमा ERB बुझाउनको लागि, र ERB द्वारा प्रदान गरिएका कोर्सहरुमा भर्ना भएर, र सेवाहरूको प्रयोग गर्न रुचि जगाउन ERB कोर्स र सेवाहरूको परिचय गराउने प्रचार पुस्तिका अद्यावधिक गर्दछ ।

- जातिय अल्पसंख्यकहरुसम्म पुग्न तथा उनीहरुको तालिमको आवश्यकतालाई मापन गर्न, कर्मचारी पुनप्र्रशिक्षण बोर्डका कर्मचारीहरुले सक्रियताका साथ उनीहरुको सामुदायिक केन्द्र तथा धार्मिक भेलाहरुमा समय-समयमा भ्रमण गर्ने गरेका छन् ।

- कर्मचारी पुनप्र्रशिक्षण बोर्डले आफ्नो प्रवद्र्धनात्मक प्रयासहरुलाई बढावा दिन, गैर-सरकारी संस्थाहरुले सञ्चालन गरेको तथा गृह मामिला विभागले आर्थिक सहयोग प्रदान गरेको जातिय अल्पसंख्यकहरुका लागि सहयोग सेवा केन्द्रहरुसँग जातिय अल्पसंख्यकहरुलाई कर्मचारी पुनप्र्रशिक्षण बोर्डले प्रदान गर्ने सेवाको प्रसार गर्नका सहकार्य गर्दै आएको छ । गृह मामिला विभागले जातिय अल्पसंख्यकहरुका लागि प्रकाशित गर्ने "योअर गाइड टु सर्विसेज् इन हङकङ"मा कर्मचारी पुनप्र्रशिक्षण बोर्डले आफ्नो कार्यक्रम तथा सेवाहरुका बारेमा नियमित रुपमा अद्यावधिक गर्दै आएको छ ।

- कर्मचारी पुनप्र्रशिक्षण बोर्डको कार्यक्रम तथा सेवाहरु जातिय अल्पसंख्यकहरुमा प्रवद्र्धन गर्ने हेतुले गृह मामिला विभागको "एम्बेसेडर स्किम" अन्तगतका सामाजिक सेवका संस्थाहरु मार्फत जातिय अल्पसंख्यकहरुलाई आफ्नो प्रचारात्मक लिफलेटहरु वितरण गर्दै आएको छ ।

- अल्पसङ्ख्यक जातिहरूको विशेष आवश्यकता पूरा गर्न क्यून तोङ र तिन सूई वाईमा रहेको ERB सेवा केन्द्रहरुमा तिनीहरुको लागि लक्षित सहायता सेवाहरु प्रस्ताव गरिएको छ[2] । अल्पसंख्यक जातिहरूले सेवा केन्द्रहरूको सदस्यको रूपमा दर्ता गर्न र यी केन्द्रहरू, समर्पित कार्यशाला र समूह गतिविधि सहितले प्रदान गरिएको प्रशिक्षण र रोजगार सहायता सेवाहरू रोजगार खोज कौशल, अन्तर्वार्ता दक्षता, व्यवसायिक अंग्रेजी र क्यान्टोनिजमा प्रयोग गर्न सक्दछन् ।

- सन् 2011-12 देखि, कर्मचारी पुनप्र्रशिक्षण बोर्डले कर्मचारी पुनप्र्रशिक्षण बोर्डको कार्यक्रमहरुको विषयमा थप व्यक्तिगत सहयोग तथा सल्लाह आवश्यक पर्ने व्यक्तिहरुका लागि तालिम परामर्श सेवा प्रदान गर्दै आएको छ । तालिम परामर्शदाताहरुले जातिय अल्पसंख्यकहरुलाई उपयुक्त तालिमका विषयमा परामर्श दिन तथा उनीहरुलाई कार्यक्रमहरुमा भर्ना हुनका लागि सहयोग गर्न व्यक्तिगत अन्तावार्ता मार्फत उनीहरुको तालिमको आवश्यकता तथा जागिररको आवदेनको को लेखाजोखा गर्दछन् । जातिय अल्पसंख्यकहरुको आवश्यकतालाई लक्षित गर्दै कर्मचारी पुनप्र्रशिक्षण बोर्डको कार्यक्रम तथा सेवाहरुको प्रवद्र्धन गर्ने उद्देश्यले गोष्ठी तथा कार्यशाला सञ्चालन गर्न तालिम परामर्शदाताहरुले जिल्ला संघ तथा सामाजिक सेवा संस्थाहरुसँग सक्रियताका साथ सहकार्य गर्छन् ।

- ERB ले अल्पसंख्यक जातिहरुलाई लक्षित गरी जिल्ला-आधारित प्रवर्द्धनात्मक गतिविधिहरू व्यवस्थित गर्न TB हरुलाई प्रायोजित गर्दछ । ERB ले अल्पसंख्यक जातिहरु भएको ठाउँमा पुग्नको लागि थप च्यानलहरू अन्वेषण गर्न

[2] क्यून तोङको सेवा केन्द्रले 1 अगस्त 2019 मा काम रोक्रेछ ।

जारी गर्नेछ ।

कर्मचारी तालिम

- कर्मचारी पुनप्र्रशिक्षण बोर्ड तथा तालिम प्रदायकका कर्मचारीहरुका लागि जातिय अल्पसंख्यकको विशेषताका विषयमा "यूनिसन" र "इक्वेल अपरट्युनिटिज्" लगायतका विभिन्न संस्थासँगको सहकार्यमा जातिय अल्पसंख्यकहरुको संस्कृतिको बारेमा बुझाइ अभिवृद्धि गर्न तथा सेवा प्रदान गर्ने क्रममा कर्मचारीहरुको संवेदनशीलता विकास गर्न कर्मचारी पुनप्र्रशिक्षण बोर्डले कार्यशालाहरुको आयोजना गरेको थियो । जातिय अल्पसंख्यकहरुलाई चिनिया भाषा अध्यापन गराउनका सम्बन्धमा ज्ञान तथा सीपको थप विकासका लागि, जातिय अल्पसंख्कहरुका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएक तालिम प्रदायकहरुलाई हङकङ विश्वविद्यालयले आयोजना गरेको कार्यशालाहरुमा सहभागी हुने व्यवस्था मिलाएको थियो ।

भविष्यको कामको लेखाजोखा

- बुझ्न जारी राख्नेछ, र तिनीहरुको प्रशिक्षण आवश्यकताहरु भेट्नको लागि समर्पित कोर्स र सेवाहरुको विकास गर्न जारी राख्नेछ । ERB ले नियमित रुपमा TB हरु र प्राविधिक सल्लाहकारहरूसँग तालिमको सञ्चालन र प्रभावकारिताको लागि बैठक गर्दछ । ERB ले अल्पसंख्यक जातिका समूहहरूका लागि प्रशिक्षण र सेवाहरूको गुणस्तरमा लगातार सुधार ल्याउन कक्षा भ्रमण, पाठ्यक्रम मूल्याङ्कन सर्वेक्षण र पाठ्यक्रम समीक्षा प्रश्नावली मार्फत प्रशिक्षार्थी र TB हरूबाट प्रतिक्रियाहरू पनि संकलन गर्दछ ।

उठाइएका/उठाइनु

- सन् 2010-11 देखि कर्मचारी पुनप्र्रशिक्षण बोर्डले सर्वसाधारणलाई वितरण गर्ने उद्देश्यले छानिएका केही

| | |
|---|---|
| पर्ने थप कदमहरु | कोर्षहरुका लागि अङ्ग्रेजी भाषामा तालिम सामग्रीहरुको विकास गर्न थालेको छ (जसको प्रशिक्षण भाषा भने केन्टोनिज नै रहेको छ) । केन्टोनिज बौल्न र बुझ्न सक्ने जातिय अल्पसंख्यकहरुले पनि यी कोर्षहरुमा भर्ना हुन पाउछन् । 2019-20 मा, ERB ले सम्पत्ति व्यवस्थापन र सुरक्षा, सूचना र सञ्चार प्रविधि, व्यवसाय र स्वास्थ्य हेरचाह सेवा उद्योगहरू समेट्नेगरि ५ यस्ता पाठ्यक्रमहरु प्रस्ताव गर्दछ । |

- 2016-17 देखि, ERB ले पूरक प्रशिक्षण सामग्रीहरूको विकास गर्न र सिकाई सहायता सेवाहरू प्रदान गर्न TB हरूको लागि "प्रशिक्षण सहायता सेवा सब्सिडी" (सब्सिडी) सुरू गरेको छ । 2018-19 मा, ERB ले धैरै पाठ्यक्रम विधाहरू समेट्नको लागि सब्सिडीहरू विस्तार गर्यो र धैरै सब्सिडी स्तरको प्रतिशत बढायो । यसले अल्पसंख्यक जातिहरूलाई सहयोग पुर्‍याउँछ, जो सामान्य जनताका लागि अन्य साधारण प्रशिक्षण कोर्सहरूमा जान क्यान्टोनिज बोल्न र बुझाउन सक्दछ ।

- गैर-स्कूलमा पढ्ने अल्पसंख्यक जातिहरुले १६ निर्दिष्ट ERB भाषा पाठ्यक्रमहरूमा अध्ययन गर्न ए HAD बाट अनुदान प्राप्त गर्न सक्दछन्, जसको उद्देश्य अल्पसंख्यक जातिहरूलाई जीवन-भरिको शिक्षामा संलग्न गराउने र स्थानान्तरण योग्य रोजगारीका सीपहरू बढाउन प्रोत्साहित गर्नु हो ।

- ERB ले HAD द्वारा अनुदान दिएको अल्पसंख्यक जातिहरूका लागि सहायता सेवा केन्द्रहरूमा समर्पित प्रशिक्षण कोर्सहरू प्रदान गरिरहेको छ । यी सहायता सेवा केन्द्रहरूमा अल्पसंख्यक जातिहरुसम्म पुग्दै, ERB ले जातीय अल्पसंख्यकहरूलाई ERB द्वारा प्रदान गरिएको प्रशिक्षण

पाठ्यक्रमहरूमा भर्ना हुन प्रोत्साहित गर्दछ ।

- 2016-17 मा, ERB ले "पाठ्यक्रम र उद्योगहरूको लागि प्रवर्द्धन कार्यक्रम" सुरू गर्‍यो, जसमा ERB कोर्सहरू, साथै रोजगारीका अवसरहरू र विभिन्न उद्योगहरूको क्यारियर संभावनाहरू र अल्पसंख्यक जातिहरुको आवश्यकता पूरा गर्ने गतिविधिहरूको प्रबर्द्धन गर्न जिल्ला संगठनहरुलाई जिल्लामा आधारित प्रबर्द्धनात्मक क्रियाकलापमा समन्वय गर्न TB हरुलाई अनुदान दिइरहेको छ । पछिल्ला तीन बर्षमा (2016-17 देखि 2018-19, अल्पसंख्यक जातिहरूका लागि ६ समर्पित गतिविधिहरू आयोजना गरियो । 2019-20 मा, ERB ले जिल्लामा आधारित प्रबर्द्धनात्मक गतिविधिहरू व्यवस्थित गर्न TB लाई अनुदान प्रदान गर्न जारी राख्यो, जसमा उनीहरूलाई ERB कोर्सहरू र विभिन्न उद्योगहरूको रोजगारी सम्बन्धी जानकारीको बारेमा बढी सिक्ने थप अवसरहरू प्रदान गर्ने दृष्टिकोणले, अल्पसंख्यक जातिहरूका लागि २ समर्पित गतिविधिहरू समावेश छन् ।

- ERB ले ERB कोर्सहरूको लागि छानबिन र नामांकन सेवाहरू प्रदान गर्न, उद्योग सेमिनारहरू र टेस्टर कोर्सहरू आयोजना गर्न, र ERB प्रशिक्षण परामर्श सेवाका लागि दर्ता गराउन सार्वजनिक सदस्यहरूलाई सहयोग पुर्‍याउन सामाजिक सेवा संगठनहरूको सहयोगमा क्वाई सिंङ, सुएन वान र कोलुन वेस्टमा 22 “ERB सेवा क्षेत्रहरू” खडा गर्‍यो । ERB ले चरणहरु अनुसार 2019-20 मा कोलुन ईस्टमा 15 “ERB सेवा स्पटहरू" सुरु गर्नेछ । अल्पसंख्यक जातिहरूले त्यस्ता सेवाहरूको उपयोग गर्न सक्दछन् ।

- एउटा आम पहुँच प्रशिक्षण परामर्श सेवा 2016-17 देखि प्रदान गरिएको छ । प्रशिक्षण परामर्शदाताहरु अल्पसंख्यक

जातिहरुलाई व्यक्तिगत वा समूह प्रशिक्षण परामर्श सेवा प्रदान गर्न बिभिन्न गैर-सरकारी संस्था र संगठनहरुको भ्रमण गर्नेछन् । 2018-19 मा, ERB ले "प्रशिक्षण परामर्शदाता भिडियो कन्फरेन्स सेवा" को सुरुवात गरेर अल्पसंख्यक जातिलाई थप सहयोग पुऱ्यायो।

- 2014-15 देखि, ERB ले उच्च माध्यमिक अल्पसंख्यक जातिका विद्यार्थीहरूको लागि "स्कूलका लागि क्यारियर कुरा" आयोजना गरिरहेको छ । निगमका वरिष्ठ अधिकारीहरुलाई विद्यार्थीहरुका क्यारियर सम्भावनाहरु, कार्य गर्ने वातावरण र प्रवेश आवश्यकताहरु आदिमा विचार विमर्श गर्न वक्ताका रुपमा आमन्त्रित गरियो । ERB प्रतिनिधिहरुले विद्यार्थीहरुलाई ERB कोर्स र सेवाहरु पनि परिचय गराए जुन अल्पसंख्यक जातिका युवाहरुको लागि उपयुक्त थियो ।

- 2016-17 देखि, ERB ले उच्च माध्यमिक अल्पसंख्यक जातिका विद्यार्थीहरूका लागि "अन्तर्वार्ता कौशल कार्यशाला" आयोजना गरिरहेको छ । कार्यशालाले रोजगार खोजी र अन्तर्वार्ता गर्ने कला, कार्य संस्कृति र दृष्टिकोण समेट्दछ, र ERB प्रशिक्षण र प्लेसमेन्ट सेवाहरूको बारेमा संक्षिप्त जानकारी दिइरहेको छ जसले विद्यार्थीहरूलाई स्नातक पछि रोजगार बजारमा प्रवेश गर्ने विकल्पको लागि अझै राम्रो तयारी हुन सक्छ ।

- 2017-18 देखि, ERB ले उच्च माध्यमिक अल्पसंख्यक जातिका विद्यार्थीहरूको लागि विभिन्न कार्यस्थल र सुविधाहरू भ्रमण गर्न "कार्य अनुभव गतिविधि" आयोजना गरिरहेको छ । रोजगारदाताका प्रतिनिधिहरूले सम्बन्धित उद्योगहरूमा अल्पसंख्यक जातिका विद्यार्थीहरूको बुझाई बढाउन र उनीहरूको भविष्यका अध्ययन र क्यारियर

योजनालाई सजिलो पार्ने उद्देश्यका साथ विभिन्न रोजगारीका पदहरूको लागि सञ्चालन, प्रवेश आवश्यकताहरू र सिकाई मार्गहरू परिचय गराएका छन् ।

- 2019-20 देखि, ERB ले अल्पसंख्यक जातिहरूका लागि समर्पित कोर्सहरूमा भर्नाका लागि शैक्षिक प्राप्तिको मापदण्डमा बढी लचिलोपन प्रदान गर्दछ । यसले अल्पसंख्यक जातिहरूका लागि निर्माण र नवीकरण उद्योग र विद्युतीय र यान्त्रिक सेवा सम्बन्धी नयाँ उद्योग-विशेष प्रशिक्षण पाठ्यक्रमहरूको विकासको पनि अन्वेषण गर्दैछ ।

सोधपुछ

- सोधपुछका लागि, कृपया कर्मचारी पुनप्रशिक्षण बोर्डको तालिम परामर्शदातालाई 6760 3801 मा सम्पर्क गर्नुहोला ।

## C. निर्माण उद्योग परिषद्

सम्बन्धित सेवाहरु

- समान अवसर प्रदान गर्ने काम तथा जीविकाको वातावरणको सिर्जना गर्न निर्माण उद्योग परिषद् प्रतिवद्ध रहेको छ । साथै, आफ्ना सबै कर्मचारी, प्रशिक्षार्थी, आगन्तुक तथा सर्वसाधरण प्रति कुनै पनि प्रकारका भेदभाव, दुव्र्यवहार तथा मानहानिबाट परिषद् मुक्त रहेको छ ।

- निर्माण उद्योग परिषद् अध्ययादेशको दफा 29 बमोजिम निर्माण उद्योगका लागि तालिम कार्यक्रम तथा व्यापार परीक्षण सेवा प्रदान गर्न निर्माण उद्योग परिषद्ले “निर्माण उद्योग तालिम बोर्ड”को स्थापना गरेको छ ।

विद्यमान

<u>नीति</u>

उपायहरु

- निर्माण उद्योग परिषद्का कुनै पनि कर्मचारीले अन्य कुनै पनि कर्मचारी, प्रशिक्षार्थी, आगन्तुक वा परिषद्को सेवा प्रयोग गर्ने अन्य कुनै पनि व्यक्ति प्रति भेदभाव, दुव्र्यवहार वा मानहानि नगरुन भन्ने कुराको सुनिश्चितता गर्नका लागि निर्माण उद्योग परिषद्ले समान अवसर नीतिको निर्माण गरेको छ । यो नीतिलाई निर्माण उद्योग परिषद्ले अनुमोदन गरेको छ र परिषद्का सबै कर्मचारीहरुमा जारी गरेको छ ।

<u>कर्मचारी प्रशिक्षण</u>

- परिषद्ले आफ्नो समान अवसर नीतिलाई कार्यान्वयन गर्नका लागि अग्रपंक्ति तथा व्यवस्थापकीय कर्मचारी दुवैका लागि नियमित रुपमा समान अवसरका विषयमा तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । व्यावसायिक तालिमसँग सम्बन्धित विषयहरुमा केन्द्रित रहेर समान अवसर आयोगका प्रतिनिधिहरुले जातिय भेदभाव अध्ययादेशका बारेमा परिषद्का कर्मचारीहरुलाई प्रशिक्षण दिन्छन् ।

<u>जातिय अल्पसंख्यकका लागि तालिम तथा व्यापार परीक्षण सेवा</u>

- निर्माण उद्योगमा विशेष कारीगरी सीपका साथ पेशागत जीवनलाई अघि बढाउन इच्छुक प्रशिक्षार्थीहरुका लागि सक्षम बनाउनका लागि हाल परिषद्ले अङ्ग्रेजी भाषामा तीनवथा पूर्णकालीन छोटो अवधिका कोर्षहरु सञ्चालन गरिरहेको छ । यो तालिम कार्यक्रमको दौरानमा प्रशिक्षार्थीहरुले दैनिक भत्ता पाउँछन् । यी सेवाहरुलाई थप अभिवृद्धि गर्न, तालिम प्रदान गर्ने दौरानमा परिषद्ले थप भाषानुवादकहरुको नियुक्ति

गर्नेछ ।

- निर्माण सेवामा आवद्ध चिनिया भाषा नबोल्ने पेशाकर्मीहरुका लागि हाल परिषद्ले 15वटा अल्पकालीन सुरक्षासम्बन्धी कोर्षहरु परिषद्ले हाल उपलब्ध गराउँदै आएको छ ।

- दर्ता भएका साधारण कामदारहरुलाई उपयुक्त व्यवसायमा दर्ता भएका अर्ध-दक्ष कामदार हुनका लागि प्रशिक्षित गर्न सन् 2015मा परिषद्ले "जातिय अल्पसंख्यकहरुका लागि सीप अभिवृद्धि कोर्षहरु" अन्तगत पाँच अल्पकालीन कोषहरुको शुरुवात गरेको छ ।

- अधिकांश व्यापारिक परीक्षा तथा प्लान्ट सञ्चालन प्रमाणिकण परीक्षाका लागि अङ्ग्रेजी परीक्षा पत्रहरु उपलब्ध रहेका छन् । परिषद्ले परिक्षाको समयमा उनीहरुको भाषानुवादकलाई साथै लिएर आउने अनुमति प्रदान गर्दछ ।

<u>प्रचारात्मक गतिविधिहरु</u>

- परिषद्ले सञ्चालन गर्ने तालिम कार्यक्रम तथा व्यापारिक परीक्षामा जातिय अल्पसंख्यकका व्यक्तिहरुलाई आकर्षित गर्नका लागि निम्नानुसारका प्रचारात्मक गतिविधिहरु सञ्चालन गर्दछः

    - सेवामा रहेका जातिय अल्पसंख्यक व्यक्तिहरुसम्म नियमित भ्रमण,
    - जातिय अल्पसंख्यकहरुलाई सेवा पु¥याइरहेका संस्था तथा उनीहरु नियमित सम्पर्कमा आउने सञ्चार माध्यमका मार्फत बाह्य सम्पर्क (आउटरिच) गतिविधिहरु, र

- निर्माण उद्योगसम्बन्धी उनीहरुको बुझाइलाई अभिवृद्धि गर्ने उद्देश्यका साथ करियर टक, टेस्टर कार्यक्रम तथा रोजगार मेला एवं पारिवारिक रमाइलो दिवस जस्ता कार्य अनुभव आदान प्रदान गर्ने कार्यक्रमहरु ।

- परिषद्ले लिवरल स्टडिजका लागि अङ्ग्रेजी भाषामा शिक्षण सामग्रीहरुको विकास गरेको छ । जातिय अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई निर्माण उद्योगको विस्तृत बुझाइ विकास गर्न सहयोग पु¥याउनका लागि परिषद्ले उपयुक्त माध्यमिक विद्यालय तथा जातिय अल्पसंख्यकहरुलाई सेवा पु¥याइरहेका गैर-सरकारी संस्थाहरुसँग सहकार्य गर्दछ ।

<u>जातिय अल्पसंख्यक सेवा टोली</u>

- जातिय अल्पसंख्यक समुदायका पेशाकर्मीहरुको संख्यामा वृद्धि गर्ने हेतुले, जातिय अल्पसंख्यकहरुका लागि आफ्नो सेवा तथा सहयोगलाई थप अभिवृद्धि गर्ने उद्देश्यले निम्नानुसारका कार्यक्रमहरु समावेश गरिएका परिषद्ले जातिय अल्पसंख्यक सेवा टोलीको स्थापना गरेको छः

  - परिषद्को सेवाहरुको प्रवद्र्धन गर्नका लागि सम्बन्धित संस्था तथा समुदायको नियमित भ्रमण गर्ने,
  - अल्पसंख्यक जातिका भाषामा ट्रेड टेस्टीङ्ग मोक टेस्ट पेपर तथा प्री-टेस्टिंग ब्रिफिंग पावरपोइन्ट अनुवाद ग,
  - उम्मेद्वार तथा प्रशिक्षार्थीहरुका लागि भाषानुवाद सेवा उपलब्ध गराउने, र
  - परिषद्को सेवाहरुको प्रवद्र्धन गर्न गतिविधिहरुको आयोजना तथा सहभागी हुने ।

| | |
|---|---|
| भविष्यको कामको लेखाजोखा | • परिषद्ले प्रत्येक वर्ष आफ्नो समान अवसर नीतिको समीक्षा गर्नेछ । <br><br> • परिषद्का कर्मचारी तथा प्रशिक्षार्थीहरुको जातिय समानतामा चेतना तथा संवेदनशीलता अभिवृद्धि गर्न परिषद्ले अद्यावधिक गरिएका जानकारीहरु उनीहरुलाई प्रदान गर्न जारी राख्नेछ । <br><br> • माथि उल्लिखित कोर्षहरुको माग तथा प्रभावकारीताका समीक्षालाई परिषद्ले जारी राख्नेछ । <br><br> • निर्माण तालिम तथा व्यापारिक परीक्षासँग सम्बन्धित विद्यमान उपायहरु तथा सहयोग सेवाका विषयमा परिषद्ले जातिय अल्पसंख्यकहरुबाट सुझाव लिने क्रमलाई जारी राख्नेछ र उनीहरुको मागलाई सम्बोधन गर्दै कोर्ष तथा सेवाहरुको विकास गर्नेछ । |
| उठाइएका/उठाइनु पर्ने थप कदमहरु | <u>कोर्षका प्रावधानहरु</u> <br><br> • भविष्यमा, यदि माग बढेमा, परिषद्ले उपयुक्त कोर्ष तथा व्यापारिक परीक्षहरु अङ्ग्रेजी भाषामा उपलब्ध गराउने बारे निर्णय लिन सक्नेछ । <br><br> <u>जातिय अल्पसंख्यकका भाषाहरुमा व्यापारिक परीक्षा पत्रहरु</u> <br><br> • जातिय अल्पसंख्यकहरुमाझ लोकप्रिय रहेका पेशाहरुका लागि व्यापार परीक्षा पत्रहरु तीन (हिन्दी, नेपाली तथा उर्दू) भाषाहरु उपलब्ध गराउन परीक्षण स्किमको शुरुवात गर्ने । माथि उल्लिखित तीन भाषाहरुमा अन्य परीक्षाका पत्रहरु अनुवाद |

गर्ने विषयमा पनि परिषद्‌ले निर्णय लिन सक्नेछ ।

<u>जातिय अल्पसंख्यक सेवा टोली</u>

- जातिय अल्पसंख्यक सेवा टोलीको गठनसँगै, जातिय अल्पसंख्यकहरुका लागि सेवाको क्षेत्र विस्तार हुने अपेक्षा गरिएको छ । जातिय अल्पसंख्यकहरुका पेशाकर्मीहरुको पेशागत आवश्यकतालाई अध्ययन गर्न परिषद्‌ केन्द्रित समूहको निर्माण गर्ने योजनामा रहेको छ ।

सोधपुछ

- निर्माण उद्‌योग परिषद्‌
  जातिय अल्पसंख्यक सेवा टोली
  इमेलः emservice@cic.hk
  टेलिफोन नं: (852) 2100 9000
  व्हाट्सएप : (852) 5720 0072
  फ्याक्स नं: (852) 2100 9249

**व्यावसायिक तालिम परिषद्‌**
**कर्मचारी पुनप्रशिक्षण बोर्ड**
**निर्माण उद्‌योग परिषद्‌**
**जुलाई 2019**